**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल**
**स्वयंसेवक खेल शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मितिः २०८१।१०।२३)**

भरतपुर महानगरपालिकाको २०८१।०९।०७ को निर्णयानुसार युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८० ( संसोधनसहित )को परिच्छेद २, दफा (५) को उपदफा (४) अनुसार तपसिल बमोजिमका खेल शिक्षकहरू पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र **(२०८१ माघ २९ गते दिनको ५:०० बजेसम्म)** रीतपूर्वक आवेदन फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | खेल शिक्षक विज्ञापन नं. | समावेशी समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षा/०८१।०८२।०१ | खुला | ५ जना | |
| २ | शिक्षा/०८१।०८२।०२ | महिला | १ जना | |
| ३ | शिक्षा/०८१।०८२।०३ | आ.जनजाति | १ जना | |
| ४ | शिक्षा/०८१।०८२।०४ | मधेसी | १ जना | |
| जम्मा माग संख्याः आठ जना। | | | ०८ जना | |

१ **आवश्यक न्यूनतम योग्यताः**

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE वा सो सरह उत्तीर्ण गरेको।

ख. उमेर २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

ग. निरोगिताको प्रमाणपत्र भएको।

घ. राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा स्थान/पदक हासिल गरेको।

ङ. भरतपुर महानगरपालिकाको स्थानीय बासिन्दा र सम्बन्धित खेलको विषयमा मान्यताप्राप्त माथिल्लो शैक्षिक योग्यता हासिल गरेकोलाई प्राथमिकता दिइनेछ।

२ **दरखास्त दस्तुरः रूः ३००।–** (अक्षरेपीतीन सय मात्र। )समावेशीतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि **रू १५०।– दस्तुर** बुझाउनुपर्नेछ।

३ **दरखास्त दिने स्थानः** दरखास्त भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शैक्षिक प्रशासन महाशाखा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ।

४ **छनौटको किसिमः** युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८०, (संसोधनसहित) को अनुसूची ४ बमोजिम्।

५ **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु पेश गर्नुपर्नेछः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको लब्ध्याङ्क प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात तथा १ प्रति पासपोर्ट साइजको फोटो।

६ **पारिश्रमिक सुविधाः** महानगरपालिकाले तोके बमोजिम उपलब्ध गराइनेछ।